# महान्यायाधिवक्ताको कार्यालय

(........प्रशासन........ शाखा)

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ३६६१

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०२/२८

**विषय: परिपत्र ।**

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालय, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त विषयमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ११७ ले मिलापत्र गर्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा सो कानूनी व्यवस्थाका अधिनमा रही मिलापत्रको कार्यविधिलाई एक रुपता ल्याउन देहाय बमोजिम मिलापत्रको प्रकृयालाई व्यवस्थित गर्न सम्पूर्ण सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने भनि मिति २०७६/०२/२१ गते बसेको व्यवस्थापन समितिको बैठकबाट निर्णय भएको हुँदा सोहि अनुसार गर्न गराउन हुन अनुरोध छ ।

**देहाय**

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-३ र अनुसूची-४ अन्तर्गतका कसूरका अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिने कानूनी व्यवस्था रहेको छ ।

२. प्रकरण नं. १ मा उल्लिखित मुद्दामा मिलापत्र गर्नका लागि प्रतिवादी र पीडित सहमत भएमा दुवै पक्षले सम्बन्धित सरकारी वकील कार्यालय समक्ष निवेदन दिन सक्नेछन् ।

३. प्रकरण नं. २ बमोजिम निवेदन परेमा सम्बन्धित सरकारी वकीलले प्रतिवादी र पीडितको पहिचान एकीन गरी मिलापत्र गर्न मनासिब देखिएमा उक्त निवेदन तथा प्रतिवादी र पीडित दुवैको सनाखत समेत गराई आफ्नो राय सहित सम्बन्धित मिसिल महान्यायाधिवक्ता समक्ष पठाउनु पर्नेछ ।

४. सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले मिलापत्रका लागि मिसिल सहित महान्यायाधिवक्ता समक्ष पठाउँदा सो को जानकारी उच्च सरकारी वकील कार्यलयलाई समेत दिनु पर्नेछ ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

D:\प्रशासन शाखा आ.व. २०७५।७६\विविध पत्रहरु\परिपत्र सम्बन्धी.docx

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(........प्रशासन........ शाखा)

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ३६६१

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०२/२८

५. प्रकरण नं., ३ बमोजिम प्राप्त भएको मिलापत्र सम्बन्धी निवेदनमा महान्यायाधिवक्तबाट मिलापत्र गराउने आदेश भएमा सो आदेश कार्यान्वयनका लागि सम्बन्धित सरकारी वकील कार्यालयले मुद्दा हेर्ने अधिकारी समक्ष मिलापत्रका लागि सम्पूर्ण कागजात सहित निवेदन दिनु पर्नेछ ।

६. मिलापत्रका लागि सम्बन्धित उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालय समक्ष निवेदन पर्न आएमा उक्त निवेदन आवश्यक कारवाहीका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

७. प्रकरण नं. ६ बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित सरकारी वकील कार्यालयले माथि उल्लिखित प्रक्रिया अनुसार कारवाही अगाडि बढाउनु पर्नेछ ।

८. प्रचलित कानून बमोजिम संरक्षकको रोहवर राख्नु पर्ने प्रकृतिका मुद्दाका संरक्षक राखी पेश गरेको निवेदन उपर मात्र कारबाही अगाडि बढाउनु पर्नेछ।

९. एक भन्दा बढी प्रतिवादी तथा पीडित भएका मुद्दामा मिलापत्र प्रयोजनका लागि सम्पूर्ण प्रतिवादी तथा पीडित उपस्थित भएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउनु पर्नेछ।

२०७६।२।२८

(गजराज घिमिरे)
शाखा अधिकृत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

D:\प्रशासन शाखा आ.व. २०७५।७६\विविध पत्रहरु\परिपत्र सम्बन्धी.docx